अनुसूची ३

# सन् २०२० को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

### १. पृष्ठभूमि

सन् २०२० को अवधि मुलुकका लागि निक्कै असहज रह्यो। विश्वव्यापी महामारीका रूपमा रहेको कोभिड–१९ को असरले मुलुकका सबै क्षेत्र आक्रान्त बन्न पुग्यो। कुनै पूर्वतयारी बिना अकस्मात झेल्नुपरेको यस समस्याले विश्वका शक्तिशाली मुलुकहरू समेत अस्तव्यस्त बने । हाम्रो मुलुकले पनि यस कठिन अवस्थाको सामना गर्नु पर्‍यो । यसखाले सङ्कटपूर्ण बेलामा जनताको मानव अधिकारको रक्षा गर्नु राज्यको अगाडि ठूलो चुनौती बन्यो । यसर्थ कोभिड प्रकोपमा जनताले भोग्नु परेको अप्ठ्यारा र त्यसलाई सहजीकरण गर्न राज्यले खेलेको भूमिकाका आधारमा यस वर्षको मानव अधिकार मापनीय हुने देखिन्छ । यस सिलसिलामा प्रत्यक्ष मानव अधिकारसँग जोडिने स्वास्थ्य, शिक्षा, खाद्यान्न, रोजगारी र सुरक्षाजस्ता कुराहरू सहज गराई जनताको मानव अधिकारको रक्षा गर्न नेकपाको सरकारले खेलेको भूमिका, मानव अधिकारको अवस्था र अन्य क्षेत्र समेतको यहाँ चर्चा गरिन्छ।

### २. कोभिडको सन्दर्भ र मुलुकको मानवअधिकार

कोभिडको असरलाई नियन्त्रण गर्न चैत ११, २०७६ बाट ६ महिना लामो लकडाउन मुलुकले व्यहोर्न पुग्यो। उक्त समयमा सार्वजनिक यातायात, हवाइ सेवा, अत्यावश्यक बाहेकका सेवा, व्यापार व्यवसाय लगभग बन्द रहे । यो अवधिलाई व्यवस्थित गर्न नेकपाको सरकारले कोरोना नियन्त्रणसम्बन्धी उच्चस्तरीय समिति बनाउने, प्रदेश, जिल्ला तथा स्थानीय तहमा उपयुक्त संरचनाहरू निर्माण गर्‍यो।

नेकपाको सरकारले गृहमन्त्रालय मार्फत बन्दाबन्दी व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड २०७७ जारी गरी लागु गर्‍यो । साथै अनौपचारिक क्षेत्रलाई व्यवस्थित गर्न राहत मापदण्ड तयार गरी कार्यान्वयन गर्‍यो । नेकपाको सरकारले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत कोभिड–१९ सङ्क्रमण व्यवस्थापनको लागि स्थानीय तहले गरेका हरेक क्रियाकलापहरूको सङ्घीय इकाइहरूबीच प्रतिवेदन प्रणालीमा सहजता ल्याउन सङ्कट व्यवस्थापन सूचना प्रणाली (CMIS) तजुर्मा गरी कार्यान्वयनमा ल्यायो।

### ३. स्वास्थ्यको अधिकार

मुलुकमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था सामान्य रह्यो। चैत्र ११ गते देखि शुरु भएको विश्वव्यापी कोभिड– १९ को महामारीको प्रभावबाट नागरिकहरूलाई सुरक्षित राख्न मुलुकभर लकडाउन गरियो । लकडाउनका कारण केही दिन नागरिकहरू घर घरमा बसेका भए पनि अस्तव्यस्तता सिर्जना भयो। लकडाउन पश्चात यातायात, हवाइ सेवा, अत्यावश्यक स्वास्थ्य सेवा र आपूर्ति बाहेकका प्रायःजसो सबै सेवाहरू बन्द रहे।

यस अवधिमा सरकारले हरेक स्थानीय तहहरूमा क्वारेन्टाइनको व्यवस्था गर्‍यो भने नवआगन्तुकलाई चौध दिनसम्म क्वारेन्टाइनमा राख्ने प्रबन्ध गरेको थियो। मुलुकभर कोभिड अस्पतालको व्यवस्था गर्ने, सङ्क्रमितहरूलाई ट्रेसिङ गर्ने, पीसीआर परीक्षणको दायरा बढाउने जस्ता कार्यहरू यस अवधिमा भए। सरकारले कोभिडको उपचार निःशुल्क गराउने कार्यका साथै कोरोना बिमा गराउने काम समेत गर्‍यो। लकडाउन खुलेपश्चात् मानिसहरूको आवागमन बढ्न गयो र महामारीको असर पनि बढ्यो। यसपछि कोरोना सङ्क्रमितको संख्यामा वृद्धि हुन गयो । साथै मृत्यु हुनेको सङ्ख्यामा पनि वृद्धि भयो । पीसीआर परीक्षणको दायरा क्रमशः बढ्दै जानु तथा परीक्षण गर्ने स्थानहरू बढाउँदै जानुले समुदायस्तरमा पनि महामारी नियन्त्रणभन्दा बाहिर जान पाएन।

यसबिचमा नेकपाको सरकारले स्वास्थ्यसम्बन्धी पूर्वाधारहरूलाई बलियो बनाउनुपर्दछ भन्ने मान्यता बमोजिम हरेक स्थानीय तहमा पाँचदेखि पन्ध्र शैयासम्मका २ सय ९ वटा अस्पतालहरूको एकै दिन शिलान्यास गर्‍यो। स्वास्थ्य सेवाको पहुँच कम

भएका सबै स्थानीय तहमा अस्पताल बनाउने लक्ष्यलाई यो शिलान्याससले सहयोग गरेको छ।

**४. खाद्य तथा भूमिसम्बन्धी अधिकार**

नेपालमा खाद्य र पोषण सुरक्षाको स्थिति सरकारी तथ्याङ्कमा हेर्दा ७७ जिल्लामध्ये ३५ जिल्लाहरू खाद्य असुरक्षित जिल्लाका रूपमा रहेका छन् भने १३ प्रतिशत जनसङ्ख्या (३५ लाख) मध्यमदेखि अति खाद्य असुरक्षित जनसङ्ख्या रहेको देखिएको छ । खाद्य तथा पोषण सुरक्षाका लागि नेकपाको सरकारले मुख्य प्राथमिकता दिई खाद्य उत्पादन बढाउन, मुलुकमा प्रयोगमा नआएको भूमिको उपयोग गर्न, भूउपयोग योजनाहरू निर्माण गर्ने कार्य गरिरहेको छ । मुलुक संकटमा भएको अवस्थाका बाबजुद नेकपाको घोषणा पत्रमा भए बमोजिम भूमिहीन परिवारलाई जग्गा उपलब्ध गराउन उच्चस्तरीय आयोग बनाएर काम गरिरहेको छ। उक्त आयोगको विस्तार हरेक जिल्लामा गर्ने र भूमिसम्बन्धी समस्या समाधान गर्न नेकपाको सरकारले महत्वका साथ काम गरिरहेको छ।

**५. शिक्षाको अधिकार**

महामारीका कारण शैक्षिक संस्थाहरू बन्द रहे। नियमित सञ्चालन हुँदै आएको एसईई परीक्षा सुरु हुने अघिल्लो दिन स्थगित भयो । भिडभाड हुने र सङ्क्रमणको जोखिम कम गर्न मार्च २३ देखि सन् २०२० भरी नै विद्यालयहरूमा विद्यार्थीको उपस्थिति रहेन। विश्वविद्यालयहरू र विद्यालयहरूले अनलाइन माध्यमबाट पठनपाठन शुरु गरे। जोखिमको अवस्थामा समेत शैक्षिक गतिविधिहरूलाई वैकल्पिक माध्यमबाट सञ्चालन गर्न नेकपाको सरकारले आवश्यक प्रयास गरिरह्यो।

**६. आवागमनको अधिकार**

लकडाउनको अवधिमा यातायात सुचारु हुन सकेनन् । कामका लागि भारतमा रहेका धेरै जसो नागरिकहरू स्वदेश फर्किए। दुई मुलुकको सम्बन्ध र समझदारीका कारण केही दिनसम्म सीमामै रहेका क्वारेन्टाइनमा नै मानिसहरू बस्नुपर्ने अवस्था बन्यो । राजधानी तथा शहरी क्षेत्रमा रोजगारीका लागि गएका सर्वसाधारणहरू घर फर्किनका लागि हप्तौसम्म पैदल हिँड्नुपर्ने अवस्था समेत सिर्जना भयो । यो अवस्था अन्त्य गर्न स्थानीय तहहरूसँगको समन्वयमा नागरिकहरूलाई आ–आफ्नो गन्तव्यमा पुऱ्याउनका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले ठूलो भूमिका खेले । साथै विदेशमा रहेका नेपालीहरूलाई प्लेन चार्टर गरेर स्वदेश फर्काउने र नेपालमा रहेका विदेशीहरूलाई आ–आफ्नो मुलुक फर्किन दिने व्यवस्था सरकारले गऱ्यो।

**७. पेसा व्यवसाय तथा रोजगारीको अधिकार**

विश्व नै महामारीको चपेटामा पर्ने, मुलुकमा लकडाउनको अवस्था रहने, भिडभाडमा जान नमिल्ने र भौतिक तथा सामाजिक दूरी कायम राख्नुपर्ने जनस्वास्थ्यका आधारभूत प्रोटोकलका कारण सार्वजनिक सवारी साधनहरू सञ्चालन हुन सकेनन्। औद्योगिक प्रतिष्ठानहरू बन्द हुने, व्यापारिक प्रतिष्ठानहरू बन्द भएका कारण अल्पकालीन, दैनिक ज्यालादारीमा काम गर्ने, भाडाका सवारी साधनहरू सञ्चालन गर्ने, घरेलु श्रमिकहरूको रोजगारी सङ्कटमा पऱ्यो। सार्वजनिक यातायातको क्षेत्रमा कार्यरत हजारौँ मजदुर र आश्रित परिवार लाखौँको संख्यामा प्रभावित देखियो । जटिल अवस्थामा रहेका नागरिकहरूलाई सेवा दिन सरकारले अनौपचारिक क्षेत्रको पहिचान गर्ने र सो क्षेत्रका व्यक्ति तथा परिवारको सूची निर्माण गर्ने, राहत वितरण गर्ने मापदण्ड निर्धारण गरी रोजगारी गुमेको अवस्थामा राहतको व्यवस्था गरियो।

नागरिकको तर्फबाट भएको राहत, खाद्यान्न वितरण र रोजगारी गुमेकाहरूलाई सहयोग गर्ने कार्य अत्यन्न सराहनीय रह्यो।

**८. बाल अधिकार तथा महिला अधिकार**

बालअधिकार तथा महिला अधिकारको अवस्थामा यो वर्ष कोभिडको असर प्रत्यक्षतः देखिएको छ। हरेक वर्षको वैशाख महिनामा हुने विद्यालय भर्ना अभियान यो वर्ष हुन सकेन । विद्यालय उमेरका बालबालिकाहरू विद्यालय जान पाएनन् । कतिपय विद्यालयहरूले अनलाइनबाट कक्षा सञ्चालन गरे पनि ग्रामीण क्षेत्रका बालबालिकाहरूमा यो पहुँच कममात्रामा भयो।

लकडाउनका कारण घरेलु हिंसा, महिला हिंसा, लैङ्गिक हिंसाका घटनाहरूमा बढोत्तरी भएको समाचारहरू सार्वजनिक भए। यस्तो अवस्थाप्रति पार्टी गम्भीर र संवेदनशील रहेको छ। कोभिडका कारण भएको क्षति, त्रास, आर्थिक अवस्था, हिंसा जस्ता घटनाबाट प्रभावित समुदायलाई स्वास्थ्य सेवा,

मनोसामाजिक परामर्शको व्यवस्था गर्न पार्टीले पहल गरेको छ।

**९. जातीय भेदभावविरुद्धको अधिकार**

मुलुकमा जातीय विभेद र भेदभाव विरुद्ध अमानवीय ढंगका घटनाहरू समेत हुन पुगे । रुकुमपूर्वमा नवराज विक सहितको हत्याजस्ता अमानवीय घटना भए । यी घटनाहरूको सत्य तथ्य छानबिन गरी दोषीलाई कडा कारबाही गर्न नेकपाको सरकारले संसदीय छानबिन समिति समेत गठन गरी घटनाको विवरण सार्वजनिक गर्‍यो । दोषीलाई हदैसम्मको कारबाही गर्न र यस्ता घटनाहरू दोहोरिन नदिन सरकारको सक्रियता रहनुपर्नेमा नेकपा प्रतिवद्ध छ।

**१०. सवैधानिक आयोगहरू र मानवअधिकार**

नेकपाको सरकारले वर्षको अन्त्यतिर लामो अवधिदेखि बाँकी रहेका संवैधानिक आयोगमा पदाधिकारीहरू सिफारिस गर्न सफल भयो । यी आयोगहरूको पूर्णताले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, मधेसी आयोग, दलित आयोग, समावेशी आयोग जस्ता आयोगहरू क्रियाशील हुने र सम्बन्धित समुदायको हक अधिकार सुनिश्चित गर्न क्रियाशील हुने विश्वास व्यक्त गर्न सकिन्छ।

**अन्त्यमा,**

नेकपा मुलुकमा मानव अधिकारको प्रत्याभूति गराउन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न, सुशासन कायम गर्न, दण्डहीनताको अन्त्य गर्न प्रतिवद्ध रहेको छ। मुलुकमा शान्ति सुव्यवस्था कायम गराउँदै नागरिकको जीवनमा सुधार आएको अवस्थामा मात्र मानवअधिकारको निर्वाध उपयोग गरेको महसुस नागरिकले गर्न सक्छन्। कुनै पनि प्रकोप र महामारीबाट बचाउन आवश्यक तयारी अवस्थामा रहनु नै आजको महामारीले सिकाएको पाठ हो। कोही नागरिक पनि कुनै पनि सेवा वा अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने मान्यतालाई कार्यान्वयन गर्न विकास योजना, विशेष कार्यक्रम र पर्याप्त बजेट र सम्बन्धित समुदायको सार्थक सहभागिता समेतबाट सम्बोधन हुन जरुरी हुन्छ । अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिकहरू, सामाजिक विभेदमा परेका व्यक्ति वा समुदायहरू, द्वन्द्व तथा प्रकोप पीडितहरू, भौगोलिक किसिमले दूरदराजमा जीवन निर्वाह गरिरहेका नागरिकहरूले विशेष अवसर पाउनु पर्दछ र त्यस वर्गले मानवअधिकारको प्रत्याभूति भएको महसुस गर्न सक्ने वातावरण निर्माण हुनुपर्दछ भन्नेमा नेकपा दृढ छ र त्यसका लागि क्रियाशील छ। हरेक नागरिकका लागि मर्यादित जीवनको अधिकार महत्वपूर्ण हुन्छ, चाहे जसरी त्यो जोखिममा परेको होस्। हरेक नागरिकको जीवन सुरक्षा गर्नु, मर्यादित जीवन बिताउने वातावरण निर्माण गर्नु र महामारीबाट सिर्जना भएका असरहरूलाई न्यूनीकरण गर्दै आगामी दिनमा यस्ता असरको जोखिम कम गर्न पर्याप्त पूर्व तयारी र आवश्यक पूर्वाधारहरूको निर्माण गर्न सकेमात्र मानव अधिकारको सही प्रत्याभूति हुन सक्छ। यसबारेमा हाम्रो पार्टी र सरकार गम्भीर ढङ्गले अगाडि बढिरहेको छ।

**ईश्वरबहादुर रिजाल**
सचिव, केन्द्रीय कार्यालय

## नेपाली कांग्रेस

सन् २०२० को नेपालको मानव अधिकारको अवस्थाको बारेमा टिप्पणी गर्दा, वि.सं. २०४६ सालमा नेपालमा प्रजातन्त्रको पुर्नस्थापना भएपश्चातका विगत तीस वर्षको अवधिमा, माओवादी हिंसात्मक द्वन्द्वकालका दश वर्षको अवधिलाई छाडेर बाँकी बीस वर्षको अवधिमा भएका मानव अधिकार उल्लङ्घनका कैयन् घटनाहरूलाई समेत ओझेलमा पार्ने गरी मुलुकमा कम्युनिष्ट सरकारको स्थापनासँगै मानव अधिकार उल्लङ्घनका जघन्य घटनाहरू एकपछि अर्को निरन्तर जारी नै रहे। राज्यका तीनवटै अङ्गहरूबिचको शक्ति सन्तुलनलाई भत्काएर स्वतन्त्र न्यायपालिका तथा अन्य संवैधानिक निकायहरूमाथि ठाडो हस्तक्षेप प्रारम्भ गरियो। कार्यपालिकाको निर्देशन र नियन्त्रणमा चल्नु पर्ने गरी राज्यको चौथो अङ्गको रूपमा रहेको सञ्चार जगतलाई समेत त्रसित बनाउने कार्य प्रारम्भ गरियो।

सामाजिक सञ्जालमा कसैले कसैलाई साधारण जिस्काएकै भरमा पाँच वर्ष जेल बस्नु पर्ने र १५ लाख रुपियाँ जरिबाना तिर्नु पर्ने प्रावधान लोकतान्त्रिक राज्य व्यवस्थाको भावना र मर्म प्रतिकूल हुने गरी कम्युनिष्ट सरकारले कानुन ल्याई तमाम युवा नेपालीहरूलाई मानसिक रूपमा त्रसित बनाई मनोवैज्ञानिक मानव अधिकार र नागरिक सवतन्त्रतालाई समेत कुण्ठित गर्ने दुस्प्रयास गरेको छ।

२०७६ साल माघ २० गते अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिका–२ का नेपाली

कांग्रेसको तर्फबाट निर्वाचित वडा अध्यक्ष पदमबहादुर धामीलाई गैरीगाउँस्थित भैंसीगोठमा रहस्यमय तवरले मृत अवस्थामा भेटिएको घटनाप्रति कम्युनिष्ट सरकार बेखबर रह्यो।

नेकपाको सरकार स्थापना भएपछिका अवधिमा, आर्थिक वर्ष २०७६/०७७ को पौष महिनाको अन्त्यसम्ममा ४३४ हत्याका मुद्दा तथा १ हजार ७६बलात्कारका घटना घटी प्रहरी प्रशासनमा दर्ता हुनु मानव अधिकारको अवस्था देखाउँछ । द्वन्द्वग्रस्त राजनीतिक वातावरण र अस्थिर सरकार रहेको तुलनामा शान्ति सुरक्षाको स्थितिमा उल्लेखनीय सुधार हुनु पर्नेमा नेकपाको सरकार रहेको समयमा झन् मानव अधिकार खस्कँदै जानु, यस्तो चित्र देखिनु चिन्ताजनक विषय हो।

२०७६ फागुन ८ गते प्रदर्शनी मार्गमा भएको विरोध प्रदर्शनमा नेकपा विद्यार्थी सङ्घका अध्यक्ष राजीव ढुंगाना, महामन्त्री महेश्वरी कुँवर, महामन्त्री युवराज पाण्डे, विद्यार्थी नेताहरू सुरज सैजुवाल, हरि आचार्य, दीपक रिमाल, रामजी बस्नेत, सुनिल पन्त, तिलक बटला, रमित खड्का लगायत दर्जनौ विद्यार्थीहरू घाइते भए  र सोही दिन अपरान्ह काठमाडौँको त्रिभुवन विमानस्थलको मूलद्वारमा नेपाल विद्यार्थी सङ्घ आबद्ध विद्यार्थीहरूले शान्तिपूर्ण रूपमा कालो झण्डा देखाउँदै विरोध प्रदर्शन गर्दा प्रहरीको हस्तक्षेपबाट रविन्द्र रोकाय, राकेश शिवाकोटी, विपिन बुढाथोकी, विष्णुहरि खड्का, अनिल खनाल, गोपी भण्डारी, विवेक उप्रेती लगायतका विद्यार्थीहरू घाइते भएका थिए । घाइते विष्णुहरि खड्कालाई सुरक्षाकर्मीले गिरफ्तार गर्नु संविधान प्रदत्त मौलिक हक हनन् भएको देखिन्छ।

विश्व नै कोभिड–१९ को सङ्क्रमणबाट आक्रान्त भएको अवस्थामा, सङ्क्रमण भए नभएको ठहर गर्ने 'राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला' व्यक्तिगत सुरक्षाका सामग्रीहरू पर्याप्त रूपमा उपलब्ध नहुनु, उपलब्धता विना पनि स्वास्थ्यकर्मीहरूले सङ्क्रमणको जोखिममै परीक्षण तथा उपचारमा संलग्न हुनु, परीक्षण 'कीट' को कमी हुनु र परीक्षणका लागि दक्ष जनशक्तिको अभावको खतरालाई समयमै ध्यान नपुऱ्याइ ती समस्यासँग जुध्न आवश्यक बन्दोबस्त यथाशीघ्र मिलाउन सम्बन्धित पक्षहरूबाट सरकारको ध्यानाकर्षण गराउँदा गराउँदै पनि सरकार उदासीन भई नागरिकप्रति सङ्क्रमण रोगको मनोवैज्ञानिक त्रासबाट बाँच्न विवश बनाई मौलिक हकको हनन् हुने काम गरेको छ। तर, अत्यावश्यक मेडिकल सामग्री खरिब प्रकरणमा भएको गम्भीर अनियमितताको घटनाले देशकै प्रतिष्ठामा आघात पुऱ्याउने कार्य गरेको छ। अत्यावश्यक सामग्री खरिदमा ढिलाइ, टेन्डर प्रक्रियाको अपारदर्शीता, बढी मूल्य निकासा गराएर राज्य कोषमा गरिएको भ्रष्टाचार एवम् विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड विपरीतको कमसल सामग्री खरिद जस्ता अत्यन्तै आपत्तिजनक र लज्जास्पद घटना कुनै पनि दृष्टिले माफी योग्य छैन। यो ढिलासुस्ती र अनियमिततामा सामेलहरूलाई जिम्मेवारीबाट मुक्त गरेर अनुसन्धान र कारबाहीको प्रक्रियालाई सघाउन हामी प्रधानमन्त्रीलाई आग्रह गर्दछौँ । देश कोभिड–१९ सङ्क्रमणको कारणबाट बन्दाबन्दी भएको समयमा पनि नेकपाका सांसद किसन श्रेष्ठ, महेश बस्नेत, पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल समेतको सहभागितामा राज्य स्रोतको दोहोन गरी विशिष्ट व्यक्तिको रूपमा काठमाडौँबाट महोत्तरी, धनुषा पुगी अर्का सांसद डा. सुरेन्द्रकुमार यादवलाई अपहरणको शैलीमा धनुषादेखि काठमाडौँसम्म ल्याई सांसद अपहरण जस्तो कार्यमा राज्य पक्षका सांसदहरूबाटै निन्दनीय घटना हुनु मानव अधिकारको घोर उल्लङ्घन भएको छ।

कैयौँ ठाउँका क्वारेन्टाइन सरकार आफैले तय गरेका निश्चित मापदण्ड अनुरूपको नभएको, सामान्य चौर, पूर्वाधार विनाको विद्यालयहरूमा न्यूनतम आधारभूत सुविधा समेत नभएको स्थानमा क्षमता भन्दा बढी सङ्क्रमित तथा सङ्क्रमितको सम्पर्कमा आएका व्यक्तिहरूलाई खचाखच राखी मानव अधिकारको उल्लङ्घन गरेको तथ्य सबैका सामु छर्लङ्गै छ।

२०७७ वैशाख १९ गते रोल्पाको त्रिवेणी गाउँपालिकामा बम विस्फोटमा परेर चार अवोध बालबालिका (११ वर्षीय विमला खत्री, ५ वर्षीय विजय खत्री, १३ वर्षीय गौरव नेपाली र १४ वर्षीय नोखीराम डाँगी) को हृदयविदारक मृत्यु भएको घटनाले मानव अधिकारको ठाडो उल्लङ्घन भएको थियो। द्वन्द्वको दशकले छाडेका चोटहरू खाटा बस्न एकातर्फ अझै बाँकी छ तर अर्कातर्फ यस्तो घटना हुनु अत्यन्तै दुःखद र गम्भीर छ। यसले हिंसाबाट समाधान खोज्न चाहने सबै थरिलाई हृदयदेखि गम्भीर र आत्मआलोचित बनाउने कार्यमा लाग्नु पर्नेमा सरकार उदासित देखियो।

नेपालको भूमि अतिक्रमण हुँदा नेपाल विद्यार्थी सङ्घका अध्यक्ष राजीव ढुङ्गाना, महामन्त्री प्रभात दाहाल, उर्मिला थपलिया, दीपक भट्टराई, बलदेव तिमिल्सिना र युवराज पाण्डे लगायत १ सय भन्दा बढी विद्यार्थी नेताहरूलाई नेपालको भूमि फिर्ता गराउने अभियानमा जुटेकै अवस्थामा प्रहरीद्वारा गिरफ्तार गर्नु राष्ट्रियताप्रति सचेत नागरिकप्रति कम्युनिष्ट सरकारको

मानव अधिकार उल्लङ्घनको अर्को नमूना हो।

२०७७ साल जेठ १० गते रुकुम पश्चिममा प्रेमसम्बन्धका कारण जातीय विभेदका रूपमा नेकपाबाट निर्वाचित वडा अध्यक्ष समेतको संलग्नतामा नवराज विक, टिकाराम विक, सञ्जु विक, गणेश बुढा, लोकेन्द्र सुनार र गोविन्द शाहीलाई जघन्य र निन्दनीय हत्या गरी नेपालको संविधानदारा प्रदत्त अधिकारलाई हनन् गर्दै गम्भीर मानव अधिकारको उल्लङ्घन भएको छ। यसबाट मानव अधिकारका पक्षमा तीन प्रश्नहरू खडा भएका छन्। सामाजिक विभेद र विसङ्गतिको प्रश्न, राज्य प्रशासनको भूमिकामा प्रश्न, निष्पक्ष अनुसन्धान र दण्डहीनताको प्रश्न खडा भए। तिनै प्रश्नउपर कम्युनिस्ट सरकारले आफ्नो मानव अधिकारको प्रतिवद्धतालाई जनतासामु उजागर गरेको छ।

धनुषा जिल्ला सवैला नगरपालिका–१२ रघुनाथपुर वर्कुवा निवासी दलित जातिका शम्भु सदा (मुसहर) को सबैला स्थित ईलाका प्रहरी कार्यालयकै हिरासतमा २०७७ साल जेठ २८ गते शंकास्पद रूपमा मृत्यु भएको घटनाका साथै २०७७ साल असार ९ गते शृङ्खलाबद्ध लोकतन्त्रका मूल्य, मान्यता र मानव अधिकार प्रत्याभूतिका सिद्धान्तहरूलाई नष्ट गर्दै अधिनायकवादतर्फ उन्मुख कम्युनिस्ट सरकारको निर्देशनमा जिल्लामा कार्यरत कर्मचारी तथा सुरक्षा निकायका व्यक्तिहरू समेत नेकपाको पूर्णकालीन सदस्य जस्तो गरी प्रयोग भई नेकपा बाहेकका निर्वाचित जनप्रतिनिधिहरू, कांग्रेसका जिल्लास्तरीय नेता, कार्यकर्ता र शुभेच्छुकहरूलाई अनाहकमा दुःख दिने, झुठा मुद्दामा फसाउने, कुटपिट एवम् दुर्व्यवहार गर्ने जस्ता अमानवीय घटनाहरू भएका छन्।

नेकपाको सरकार गठन भएदेखि नै एकपछि अर्को गर्दै प्रेस स्वतन्त्रता कुण्ठित गराउन अग्रसर भएको प्रमाण स्वरुप प्रेस काउन्सिल प्रकरण देखिएको छ। मिडिया काउन्सिल विधेयक ल्याई प्रेस काउन्सिललाई कमजोर बनाई श्रमजीवी पत्रकारहरूलाई मनोवैज्ञानिक रूपमा हस्तक्षेप गरी नेकपाको ठाडै हस्तक्षेप गर्दै मानव अधिकारको उल्लङ्घन गरेको छर्लङ्ग देख्न सकिन्छ।

रौतहट र मोरङमा राज्यको नियन्त्रण र जिम्मेवारीमा रहेका दुई युवाहरूको शंकास्पद ढङ्गले मृत्युको घटनाप्रति नेपाली कांग्रेसको ध्यान गम्भीरतापूर्वक आकृष्ट भएको छ। रौतहटको इलाका प्रहरी कार्यालय गुरुडामा केही दिनदेखि हिरासतमा रहेका वर्ष १९ का विजय महरा अकस्मात विरगञ्जको एक अस्पतालमा उनको रहस्यमय ढङ्गले निधन भएको, त्यस्तै मोरङको जिल्ला कारागारमा रहेका वर्ष २६ का युवा निराजन यादवको कोशी अस्पतालमा भएको शंकास्पद मृत्यु, धनुषाको सवैला नगरपालिकामा शम्भु सदाको प्रहरी हिरासतमा जेठ २७ गते मृत्यु भएको घटना, रौतहटमै माधवनारायण नगरपालिकाको एक मन्दिरका पुजारी राम साहको हत्या हुनु मानव अधिकारको ठाडो उल्लङ्घन भएको छ।

सर्लाही जिल्ला रामनगर गाउँपालिका–७ निवासी दलित महेन्द्र रामको गत २०७७ असोज २२ गते भएको हत्याको जाहेरीसमेत प्रहरी प्रशासनले दर्ता नगरेको, उक्त हत्याको शान्तिपूर्ण विरोध प्रदर्शनका क्रममा लाठी प्रहारबाट मृतकको श्रीमती, भाइ एवम् अन्य तीन जना महिला समेतलाई सुरक्षाकर्मीले लाठी चार्ज र अश्रुग्याँस प्रहार गरी प्रदर्शनकारीहरू समेतलाई गम्भीर घाइते बनाएको घटना नेकपा सरकारको ठाडो मानव अधिकारको हस्तक्षेप ठहर्छ।

नेपाली कांग्रेस बैतडीका सचिव एवम् सुर्नया गाउँपालिकाका अध्यक्ष वीरबहादुर विष्टलाई २०७७ असोज २८ गते निर्घात रूपले कुटपिट गरी गम्भीर घाइते बनाएको घटना घटेको दुई दिन बितिसक्दा पनि विष्टलाई कुटपिट गर्ने त्यस्ता अपराधिक मनोवृत्तिका व्यक्तिहरूलाई राज्यले कुनै पनि कारबाही नगर्नुलाई नेकपा सरकारको मानव अधिकार प्रति आफ्ना कार्यकर्तालाई बचाउने आम नागरिकको वास्ता नगरी मानव अधिकारको उल्लङ्घन गरेको ठहर्छ।

नेपाली कांग्रेसका नेता एवम् पूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेललाई आफ्नै गृह जिल्ला तनहुँ जिल्ला व्यास नगरपालिकाको वडा नं.१ र ११ जोड्ने बुल्दी खोलामा नेपाली कांग्रेसकै पालामा निर्माण सम्पन्न भएको पुल स्थानीय उपभोक्ता समितिले सर्वसम्मत रूपमा निर्णय गरेर निमन्त्रणा गरेपश्चात उद्घाटन गर्न जाँदै गर्दा गरिएको दुर्व्यवहार र गिरफ्तार मानव अधिकारको ठाडो हस्तक्षेप हो।

नेपाली कांग्रेसका सदस्य डिल्लीबहादुर चन्दलाई नेपालगञ्जमा गिरफ्तार गरेर काठमाडौँ ल्याइएको घटनाको निन्दा गर्दै नेपाली कांग्रेस निजलाई तत्काल रिहाइ गर्न माग गर्दछ।

कोरोनाको महामारी चलिरहेका बेला दल विभाजनका अध्यादेश ल्याउनु, सांसद अपहरणको अभियोग लाग्नु , मुद्दा दर्ता नगरी प्रहरीलाई दबाब दिनु जस्ता घटना भएका बेला एक होइन हजारौँ डिल्ली चन्दहरूले घटनाको विरोध गरेर सामाजिक सञ्जालमा लेखेकै हुन्। त्यस प्रकृतिको कुनै लेखाइले कुनै पनि

व्यक्तिलाई गाली बेइज्जती गरेको स्थिति हो भने त्यस्तो घटनामा कारबाहीका लागि २०७४ मा जारी गरिएको मुलुकी अपराध संहितामा अलग्गै व्यवस्था छ। तर त्यो कानुनी प्रक्रिया भन्दा विपरीत गएर प्रतिशोधपूर्ण ढंगले गिरफ्तार गर्नु भनेको सत्ताको आडमा विद्युतीय कारोबार ऐन र प्रहरी समेतको दुरुपयोग गरिएको उदाहरण हो।

पूर्व प्रहरीसमेत रहेका चन्द स्थानीय एक निजी क्षेत्रको कार्यालयमा सुरक्षा गार्डका रूपमा काम गरेर परिवार पालिरहेका छन् । सत्ता र शक्तिको निकट रहेकाले श्रम गरेर बाँचेको नागरिक माथि देखाउन खोजेको तुजुक निन्दनीय छ । नेपाली कांग्रेस नागरिकप्रतिको यो व्यवहार सच्याउन चेतावनी दिँदै तत्काल रिहाइ गर्न माग गर्दछ।

**कृष्णप्रसाद पौडेल**
मुख्य सचिव

## जनता समाजवादी पार्टी नेपाल

नेपालजस्ता अल्पविकसित र विकासोन्मुख देशहरूमा मानव अधिकारको विषय जटिल र समस्याग्रस्त बन्ने गरेको छ । सन् २०२० मा पनि नेपालको मानव अधिकारको सवालमा कुनै खास उल्लेखनीय प्रगति भएन । हत्या, हिंसा र बलात्कार जस्ता थुप्रै घटनाहरू यो वर्ष पनि प्रशस्त भए । राज्यपक्षबाट मानव अधिकारको पालना र यसको संवर्द्धनका लागि ठोस कदम चालिएको पनि देखिएन। शान्तिपूर्ण जुलुस र प्रदर्शनमा सरकारले हस्तक्षेप गरी प्रदर्शनकारीलाई घाइते बनाउने, गोली प्रहार गरी घाइते बनाउने जस्ता दर्जनौँ घटनाहरू राज्य पक्षबाट गराइएको छ। जबकि मानव अधिकारको रक्षा र यसको संरक्षण एवम् पालना गर्नु राज्यको पहिलो दायित्व हो । राज्यपक्षबाट मानव अधिकार संरक्षणका लागि सक्रिय र निष्पक्ष रही कार्य गर्नु पर्नेमा उनीहरूबाटै भइरहेको पक्षतापूर्ण व्यवहार एवम् कामकारबाहीले वास्तविक दोषी कानुनी कानुनी दायरामा नपर्ने र कतिपय अवस्थामा निर्दोषले सजाय पाउने कार्य भइरहेको पाइन्छ। सत्ता र शासनका आडमा असामाजिक क्रियाकलापमा संलग्न रहेकाहरू हौसिने र यसबाट वञ्चित समुदायले पीडा भोग्नु पर्ने अवस्था बढ्दो छ। राज्यका सुरक्षा निकाय तथा अङ्गहरूबाट आफैँले मानव अधिकारका सिद्धान्त र आधारलाई प्राथमिकतामा राखी कार्यहरू गर्ने गर्दामात्र आमजनताले मानव अधिकारको वास्तविक अनुभूति गर्न पाउने पाउने छन्। नेपालको मानव अधिकार आयोगले पनि जुन रूपमा भूमिका खेल्नु पर्ने हो त्यसमा अभाव देखिएको छ। अर्को शब्दमा भन्नु पर्दा मानव अधिकार आयोग निष्प्रभावी जस्तै छ।

मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व भएमात्र पूर्णरूपमा मानव अधिकारको प्रयोग सम्भव हुन्छ । दुई तिहाइ मत प्राप्त गरेको वर्तमान ओली सरकारले मानव अधिकार कायम गर्ने सवालमा असफल मात्र भएन की वर्तमान संविधानको व्यवस्था विपरीत असंवैधानिक तरिकाबाट प्रतिनिधिसभा विघटन गरी देशमा फेरि राजनीतिक अस्थिरता र अन्योलको वातावरण सृजना गराएर मुलुकलाई द्वन्द्वतर्फ धकेल्ने कार्य गरेको छ । यसबाट राजनीतिक स्थिरता र स्थायित्वको सवाल पुनः जटिल मोडमा पुगी आगामी दिनहरूमा मानव अधिकारको दृष्टिले झन् कमजोर र कठिन हुने देखिन्छ। सङ्घीयतालाई राजनीतिकरूपमा मात्र लागु गराउनुको सट्टा प्रशासनिक इकाइका रूपमा लागु गर्ने कार्य भइरहेको छ। शासकीय स्वरूप, निर्वाचन प्रणाली, राज्य पुर्नसंरचना जस्ता महत्वपूर्ण सवालहरू र समाजबाट शोषण, उत्पीडन एवम् सबैखाले विभेदको अन्त्य लगायत सामाजिक न्याय स्थापना गराउने संवैधानिक तथा कानुनी व्यवस्था कायम गराउन आवश्यक रहेको छ। सबैले समान हक उपभोग गर्न पाउने व्यवस्था नहुँदासम्म मानव अधिकार कागजका पानामा मात्र सीमित हुने गर्छ । यसकारण जनता समाजवादी पार्टी, नेपालले वर्तमान संविधानमा संशोधनको आवश्यकतालाई मुखर रूपमा उठाउँदै आएको हो। संविधानका विभेदकारी असमान धाराहरू र पहिचानसहितको सङ्घीयता स्थापित गराउने व्यवस्था कायम नभएसम्म मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व सम्भव छैन । जसपा, नेपालले दह्रो रूपमा उठाउँदै आएको संविधान संशोधनको पक्षमा नेपालका प्रमुख राजनीतिक दलहरू गम्भीर नहुने र संशोधन नगर्ने हो भने आगामी दिनमा मानव अधिकारका दृष्टिले झन् खतरा उत्पन्न हुन सक्ने अवस्था आउन सक्दछ। मानव अधिकारको क्षेत्रमा लामो समयदेखि कार्यरत इन्सेकका कार्यहरू विभेदहरू अन्त्य गराउन र सामाजिक न्याय स्थापनाको पक्षमा अझ सवल र सराहनीय हुने हाम्रो अपेक्षा र शुभकामना छ।

**प्रकाश अधिकारी**
केन्द्रीय कार्यकारिणी समिति
केन्द्रीय कार्यालय